# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, साउन २५ गते २०६१ साल (संख्या १७

## भाग ३

### श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची-३ को देहायका खण्डमा देहाय बमोजिम हेरफेर गरेको छ ।

(१) खण्ड १ को उपखण्ड (ख) को क्रमसंख्या ४ र ५ को सट्टा देहायका क्रमसंख्या ४ र ५ राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"

| क्र.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ४. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा बी.ई. वा सो सरह उतीर्ण । |
| ५. | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रकशन मेनेजमेन्ट वा प्रोजेक्ट मेनेजमेन्ट वा इन्टरनेशनल कन्स्ट्रक्शन प्रोजेक्ट मेनेजमेन्ट वा मेनेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्शन इञ्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट मेनेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ्ग वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन इञ्जिनियरिङ्ग वा वृज इञ्जिनियरिङ्ग वा इनभाइरोमेन्टल इञ्जिनियरिङ्ग वा इनफ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वान ट्रान्स्पोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड १ को उपखण्ड (ङ) को क्रमसंख्या ६ को सट्टा देहायको क्रमसंख्या ६ राखिएको छ ।

"

| क.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ६ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा वाटर रिर्सोस डेभलपमेण्ट वा हाइड्रोलजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रकचरल इञ्जिनियरिङ्ग वा वाटर रिर्सोस इञ्जिनियरिङ्ग वा हाइड्रोलजिकल इञ्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इञ्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट वा वाटर इञ्जिनियरिङ्ग वा इनफ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलजी एण्ड वाटर रिर्सोस वा हाइड्रोलिक इञ्जिनियरिङ्ग ट्रपिकल वाटर मेनेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इञ्जिनियरिङ्ग वा कन्सट्रक्सन मेनेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इञ्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस मेनेजमेन्ट वा इञ्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा नेचुरल रिसोर्स मेनेजमेन्ट वा हाइड्रोलिक इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड १ को उपखण्ड (च) को क्रमसंख्या ४ को सट्टा देहायको क्रमसंख्या ४ राखिएको छ ।

"

| क्र.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ४ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोपावर इञ्जिनियरिङ्ग वा हाइड्रोपावर डेभलमेन्ट एण्ड मेनेजमेन्ट वा इनर्जि इकोनिमिक्स वा हाइड्रोलिक्स वा हाइड्रोलोजी वा वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग डेभलपमेन्ट वा वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग मेनेजमेन्ट वा हाइड्रोइनफरमेटिक्स वा स्ट्रक्चरल इञ्जि-नियरिङ्ग वा इनभाइरोमेन्टल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

"

(४) खण्ड २ को उपखण्ड (क) को क्रमसंख्या ५ को सट्टा देहायको क्रमसंख्या ५ राखिएको छ ।

"

| क्र.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ५ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट हाईड्रोइलेक्ट्रिक सिष्टम इञ्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट वा हाईड्रोलेक्ट्रिक इञ्जिनियरिङ्ग वा पावर सिष्टम इञ्जिनियरिङ्ग वा पावर सिष्टम मेनेजमेन्ट वा पावर सिष्टम प्रोटेक्शन वा ईनर्जि ईकोनोमिक्स वा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | रिनेवल (Renewable) ईनर्जि वा ईन्भाइरोमेन्टल इञ्जिनियरिङ्ग वा पावर प्लान्ट इञ्जिनियरिङ्ग वा पावर सिष्टम नेटवर्क वा हाइ भोल्टेज इञ्जिनियरिङ्ग वा ईनर्जि मेनेजमेन्ट विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(५) खण्ड ४ को उपखण्ड (क) को क्रमसंख्या ६ को सट्टा देहायको क्रमसंख्या ६ राखिएको छ ।

"

| क.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ६ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेकानिकल इञ्जिनियरिङ्ग वा सिष्टम इञ्जिनियरिङ्ग वा क्वालिटी कन्ट्रोल इञ्जिनियरिङ्ग वा ईण्डस्ट्रीयल इञ्जिनियरिङ्ग वा प्रोडक्शन इञ्जिनियरिङ्ग वा अटोमोवाइल इञ्जिनियरिङ्ग वा इएर कन्डिशन एण्ड रेफ्रिजेरेशन वा मेशिन डिजाइन वा प्रोशेश इञ्जिनियरिङ्ग वा इनर्जि इञ्जिनियरिङ्ग वा रेल्वे इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) खण्ड १० को क्रमसंख्या ४ र ५ को सट्टा देहायका क्रमसंख्या ४ र ५ राखिएका छन ।

"

| क्र.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ४ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलजी विषयमा बी.एस्सी वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तिमा एक वर्षको तालिम प्राप्त । |
| ५ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलजी वा इन्टिग्रेटेड म्याप एण्ड जियो इन्फर्मेशन प्रोडक्सन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

"

(७) खण्ड १५ को क्रमसंख्या ४ र ५ को सट्टा देहायका क्रमसंख्या ४ र ५ राखिएका छन् ।

"

| क्र.सं. | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| ४ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिंचाइ विषय लिई एगृ.- इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक वा सो सरह उतीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५ | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ.इञ्जिनियरिङ्ग वा ईरिगेशन इञ्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट वा ईरिगेशन मेनेजमेन्ट वा हाइड्रोलिक इञ्जिनियरिङ्ग (ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट) वा वाटर यूज मेनेजमेन्ट वा एगृकल्चरल ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग वा वाटर रिसोर्सेज मेनेजमेन्ट वा एगृकल्चरल इञ्जिनियरिङ्ग (स्वायल एण्ड वाटर रिर्सोर्सेज इञ्जिनियरिङ्ग) वा एगृकल्चरल इञ्जिनियरिङ्ग (ल्याण्ड एण्ड वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग) विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

”

आज्ञाले,

श्याम प्रसाद मैनाली

श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

## श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### प्राइभेट फर्म रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०६१

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ७ मा संशोधनः प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को ,-

(१) उपनियम (२) मा रहेका "हुन अगावै" भन्ने शब्दहरुको सट्टा "भएको मितिले पैंतीस दिन भित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ:-

"(४) उपत्तियम (२) बमोजिमको म्याद नाघेपछि कुनै व्यक्तिले प्राइभेट फर्मको नवीकरणको लागि दरखास्त दिन आएमा उपनियम (२) बमोजिमको अधिकारीले उपनियम (३) बमोजिम लाग्ने दस्तूरमा देहाय बमोजिमको थप दस्तूर लिई नवीकरण गरिदिन सक्नेछ-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछिको आश्विन मसान्तसम्मको लागि — रु. ३५।-

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछिको आषाढ मसान्तसम्मको लागि — रु. १५०।-"

३. नवीकरण सम्बन्धी विशेष व्यवस्थाः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मूल नियमावली बमोजिम सम्वत् २०६० साल चैत्र ३० गतेभित्र नवीकरण गराई सक्नुपर्ने प्राइभेट फर्मले यो नियमावली प्रारम्भ भएको नब्बे दिनभित्र मूल नियमावलीको नियम ७ को उपनियम (३) बमोजिम लाग्ने नवीकरण दस्तूरको दोब्बर दस्तूर बुझाई नवीकरण गराउन सक्नेछ र सो अवधिभित्र पनि नवीकरण नगराउने प्राइभेट फर्मको रजिष्ट्रेशन स्वतः रद्द भएको मानिनेछ ।

आज्ञाले,

दिनेशचन्द्र प्याकुर्‍याल

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।